# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, पौष २३ गते, २०७६ साल (अतिरिक्ताङ्क ५४

# भाग २

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश प्रसारण ऐन, २०७६ कार्यान्वयनको लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७६।०८।१६ मा स्वीकृत भएको "प्रदेश प्रसारण नियमावली, २०७६" सर्व साधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### प्रदेश प्रसारण नियमावली - २०७६

**प्रस्तावनाः** प्रदेश नं. ५, प्रदेश प्रसारण ऐन २०७५ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियमको नाम "प्रदेश प्रसारण नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुने छ ।

२. **परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा, -

(क) "**अनुमतिपत्र**" भन्नाले यस नियमावली बमोजिम कुनै कार्यक्रम प्रसारण वा संचालन गर्नका लागि समय किटान गरि दिइने अनुमतिपत्रलाई जनाउँछ ।

(ख) "**अन्य सञ्चार माध्यम**" भन्नाले स्याटेलाइट तथा केबुल बाहेकका अन्य सञ्चार माध्यम सम्झनु पर्छ र सो शब्दले मल्टिच्यानेल मल्टिप्वाइन्ट डिष्ट्रिब्यूशन सिष्टम (एम.एम.डि. एस.), अप्टिकल फाइबर ट्रान्समिसन प्रणाली (अ.फा.टा.प्र.) वा इन्टरनेट प्रोटोकलमा आधारित टेलिभिजन (आइ.पि.टि.भि) प्रणाली समेतलाई जनाउँछ ।

(ग) "**इजाजतपत्र**" भन्नाले कुनै प्रसारण संस्था वा व्यक्तिलाई ऐनको दफा ६ बमोजिम दिइने प्रसारण इजाजतपत्र सम्झनुपर्छ ।

(घ) "**उपभोक्ता**" भन्नाले इजाजतपत्र प्राप्त प्रसारण संस्था वा व्यक्तिको संचार सेवा उपभोग गर्ने संस्था वा व्यक्ति सम्झनु पर्छ ।

(ङ) "**ऐन**" भन्नाले प्रदेश नं. ५, प्रदेश प्रसारण ऐन २०७५ सम्झनु पर्छ ।

(च) "**डाउनलिङ्क**" भन्नाले स्याटेलाइट मार्फत प्रसारण गरिएका कार्यक्रमलाई स्थानीय वितरण प्रणाली वा स्याटेलाइट वितरण प्रणालीको माध्यमबाट प्रसारण गर्ने उद्देश्यले कार्यक्रम डाउनलिङ्क गर्ने कार्य सम्झनु पर्छ ।

(छ) "**मन्त्रालय**" भन्नाले प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(ज) "**रेडियो**" भन्नाले लगातार तारको कनेक्शन बिना रेडियो तरंगद्वारा शब्द वा संकेत प्राप्त गर्ने वा पठाउने कामको निमित्त प्रयोग गरिने यन्त्र सम्झनु पर्छ ।

(झ) "**स्थानीय वितरण प्रणाली**" भन्नाले स्याटेलाइट वा भु-उपग्रह प्रसार केन्द्रबाट प्रसारण गरिएका कार्यक्रम केबुल मल्टिच्यानेल मल्टिप्वाइन्ट डिष्ट्रिब्युशन सिष्टम (एम.एम.डि.एस.) वा यस्तै अन्य किसिमका वितरण प्रणाली प्रयोग गरी कुनै खास क्षेत्रका उपभोक्ता समक्ष वितरण गर्ने प्रणाली सम्झनु पर्छ ।

(ञ) "**स्याटेलाइट वितरण प्रणाली**" भन्नाले नेपालभित्र स्थापना गरिएको भु-उपग्रह प्रसारण केन्द्रको माध्यमबाट उपभोक्तालाई कार्यक्रम वितरण गर्ने प्रणाली सम्झनु पर्छ र सो शब्दले केयु बैण्ड भु-उपग्रहको माध्यमबाट उपभोक्ता समक्ष सोझै कार्यक्रम

वितरण गर्ने कार्य (डाइरेक्ट टु होम) समेतलाई जनाउँछ ।

३. **इजाजतपत्रको लागि निवेदन दिनु पर्नेः** (१) ऐनको दफा ४ अनुसारको इजाजतपत्र लिनुपर्ने संस्था वा व्यक्तिले ऐनको दफा ५ बमोजिम इजाजतपत्रका लागि निवेदन दिन नियम ९ को उपनियम (१) बमोजिमको निवेदन दस्तुर सहित देहायका ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनुपर्नेछः-

(क) स्याटेलाइट वा अन्य संचार माध्यमद्वारा कार्यक्रम प्रसारण गर्न डिजिटल प्रविधिमा आधारित प्रसारण केन्द्र (डिजिटल हेडइण्ड) स्थापना गरी सिग्नल वितरण गर्न अन्य संस्था वा व्यक्तिले स्थापना गरेको डिजिटल प्रसारण केन्द्रबाट सिग्नल प्राप्त गरी कार्यक्रम प्रसारण केन्द्र स्थापना गरी केबुलको माध्यमद्वारा कार्यक्रम प्रसारण गर्न अनुसूची-१ बमोजिम,

(ख) फ्रिक्वेन्सी मोडुलेशन प्रसारण स्थापना गरी कार्यक्रम प्रसारण गर्न अनुसूची-२ बमोजिम,

(ग) केबुल वा भु-उपग्रहको माध्यमबाट उपभोक्ता समक्ष सोझै कार्यक्रम वितरण गर्ने प्रणाली (डाइरेक्ट टु होम) मा आधारित भइ टेलिभिजन र रेडियोको प्रसारण गर्नको लागि अनुसूची-३ बमोजिम ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुनु अघि केबुलको माध्यमबाट कार्यक्रम प्रसारण गर्न

प्रचलित कानून बमोजिम इजाजतपत्र लिई सिग्नल वितरण गरेको संस्था वा व्यक्तिले उपनियम (१) को खण्ड (क) बमोजिमको इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाबाट सिग्नल प्राप्त गरि केबुलको माध्यमबाट प्रसारण गर्न छुट्टै इजाजतपत्र लिनु पर्ने छैन ।

तर त्यस्तो इजाजतपत्र प्राप्त नगरेको संस्था वा व्यक्तिले डिजिटल प्रविधिमा आधारित प्रसारण केन्द्र स्थापना गर्नको लागि इजाजतपत्र प्राप्त अर्को संस्था वा व्यक्तिबाट सिग्नल प्राप्त गरी वितरण गर्ने भएमा यस नियम बमोजिम इजाजतपत्र लिनु पर्नेछ ।

(३) ऐनको दफा ५ को उपदफा (२) बमोजिम प्रदेशभित्रका सरकारी निकाय वा स्थानीय तहले कुनै खास विषयमा प्रसारण कार्य गर्नु परेमा अनुसूची-४ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम परेको निवेदनमा आवश्यक छानविन गरि उचित ठहरिएमा मन्त्रालयले इजाजतपत्र दिन सक्नेछ ।

४. **<u>इजाजतपत्र दिन सकिनेः</u>** (१) नियम ३ बमोजिम इजाजतपत्रको लागि कुनै निवेदन पर्न आएमा मन्त्रालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्दा निवेदकलाई इजाजतपत्र दिन मनासिब देखिएमा नियम ९ को उपनियम (२) बमोजिमको इजाजतपत्र दस्तुर लिई ऐनको दफा ६ बमोजिम देहायको ढाँचामा इजाजतपत्र दिन सक्नेछः-

(क) स्याटेलाइट वा अन्य संचार माध्यमद्वारा कार्यक्रम प्रसारण गर्न, डिजिटल प्रविधिमा आधारित प्रसारण

केन्द्र स्थापना गरी सिग्नल वितरण गर्न, अन्य संस्था वा व्यक्तिले स्थापना गरेको डिजिटल प्रसारण केन्द्रबाट सिग्नल प्राप्त गरी कार्यक्रम प्रसारण गर्न र प्रसारण केन्द्र स्थापना गरी केबुलको माध्यमद्वारा कार्यक्रम प्रसारण गर्न अनुसूची-५ बमोजिम,

(ख) फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्न अनुसूची-६ बमोजिम,

(ग) केबुल वा भु-उपग्रहको माध्यमबाट उपभोक्ता समक्ष सोझै कार्यक्रम वितरण गर्ने प्रणाली (डाइरेक्ट टु होम) मा आधारित भई टेलिभिजन वा रेडियो प्रसारण गर्नको लागि अनुसूची-७ बमोजिम ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि रेडियो फ्रिक्वेन्सी उपलब्ध गराउन नसकिने भएमा इजाजतपत्र दिइने छैन ।

५. **<u>भु-उपग्रह प्रसारण प्रणाली स्थापना गरी कार्यक्रम प्रसारण गर्न इजाजतपत्र लिनु पर्ने:</u>** (१) ऐनको दफा ८ को उपदफा (१) बमोजिमका कुनै संस्था वा व्यक्तिले स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भु-उपग्रह प्रसारण प्रणाली स्थापना गरी वा स्याटेलाइट वितरण प्रणालीको माध्यमबाट कुनै कार्यक्रम प्रसारण गर्न निवेदन दिंदा नियम ९ को उपनियम (१) बमोजिमको दस्तुर सहित अनुसूची-८ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन स्वीकृतिका लागि नेपाल सरकारको सम्बन्धित निकाय समक्ष पठाउनु पर्नेछ र उक्त निकायबाट स्वीकृति प्राप्त भए पश्चात नियम ९ को उपनियम (२) बमोजिमको दस्तुर लिई इजाजतपत्र दिनुपर्नेछ ।

६. <u>**डाउनलिङ्क गर्न इजाजतपत्र लिनु पर्नेः-**</u> (१) कुनै विदेशी प्रसारण संस्थाले विदेशबाट प्रसारण गरेको कुनै कार्यक्रम डाउनलिङ्क गरी प्रदेशभित्र प्रसारण गर्न चाहने संस्था वा व्यक्तिले इजाजतपत्रका लागि नियम ९ को उपनियम (१) बमोजिमको दस्तुर सहित अनुसूची-९ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) यो नियम प्रारम्भ हुँदाका बखत विदेशी मुलुकबाट प्रसारण भएको कार्यक्रम डाउनलिङ्क गरी प्रदेशभित्र प्रसारण गर्ने संस्था वा व्यक्तिले इजाजतपत्रको लागि यो नियम प्रारम्भ भएको मितिले छ महिना भित्र उपनियम (१) बमोजिम निवेदन दिइसक्नु पर्नेछ ।

७. <u>**सिग्नल वितरणको लागि इजाजतपत्र लिनु पर्नेः**</u> (१) प्रदेश भरि कार्यक्रम डाउनलिङ्क गरी प्रसारण गर्न अनुमतिपत्र पाएको विदेशी प्रसारण संस्थाबाट प्रसारण भएका सशुल्क च्यानेलको सिग्नल वितरण गर्न चाहने संस्था वा व्यक्तिले इजाजतपत्रको लागि नियम ९ को उपनियम (१) बमोजिमको दस्तुर सहित अनुसूची-१० बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) यो नियम प्रारम्भ हुँदाका बखत विदेशी प्रसारण संस्थाबाट प्रसारण भएको सशुल्क च्यानेलको सिग्नल प्रदेशभित्र वितरण

गर्ने संस्था वा व्यक्तिले इजाजतपत्रको लागि यो नियम प्रारम्भ भएको मितिले एक वर्षभित्र उपनियम (१) बमोजिम निवेदन दिइसक्नु पर्नेछ।

८. <u>इजाजतपत्र दिन सक्ने:</u> (१) नियम ५, ६ र ७ बमोजिम इजाजतपत्रको लागि कुनै निवेदन पर्न आएमा मन्त्रालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा निवेदकले पुरा गर्नुपर्ने सर्त पुरा गरेको र प्राविधिक रूपमा सम्भव भएमा नियम ९ को उपनियम (२) बमोजिमको दस्तुर लिई देहाय बमोजिम इजाजतपत्र दिन सक्नेछ ।

(क) स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भु-उपग्रह प्रसारण केन्द्रको स्थापना गरी वा स्याटेलाइट वितरण प्रणालीको माध्यमबाट कार्यक्रम प्रसारण गर्नको लागि अनुसूची-११ बमोजिम,

(ख) कार्यक्रम डाउनलिङ्क गर्नको लागि अनुसूची-१२ बमोजिम र

(ग) सिग्नल वितरणको लागि अनुसूची-१३ बमोजिम ।

(२) उपनियम (१) को खण्ड (ख) बमोजिम कार्यक्रम डाउनलिङ्क गर्नको लागि इजाजतपत्र दिनु अघि मन्त्रालयले कार्यक्रम डाउनलिङ्क गरिने प्रसारण संस्था वा व्यक्तिबाट प्रसारण हुने कार्यक्रमको भाषा तथा विषयवस्तु समेतलाई विचार गर्नेछ ।

(३) उपनियम (१) बमोजिमको डाउनलिङ्क गर्न इजाजतपत्र दिइसकेपछि मन्त्रालयले सो सम्बन्धी सूचना राष्ट्रिय स्तरको कुनै दैनिक पत्रिकामा प्रकाशन गर्नेछ ।

९. **निवेदन र इजाजतपत्र बापत लाग्ने दस्तुरः** (१) इजाजतपत्रको लागि निवेदन दिंदा अनुसूची-१४ मा उल्लेख भए बमोजिम निवेदन दस्तुर लाग्नेछ ।

(२) इजाजतपत्र दस्तुर अनुसूची-१५ मा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **कार्यक्रम प्रसारण गर्ने संस्था वा व्यक्तिले पालन गर्नु पर्ने शर्तहरूः** इजाजतपत्र प्राप्त संस्था वा व्यक्तिले कार्यक्रम प्रसारण गर्दा नियम ११ को अधिनमा रहि देहायका शर्तहरू पालना गर्नु पर्नेछ।

(क) एउटा संस्था वा व्यक्तिले प्राप्त गरेको इजाजतपत्र अन्य कुनै संस्था वा व्यक्तिलाई बिक्री गर्न वा अन्य कुनै तरिकाले प्रचलित कानून बमोजिम हक हस्तान्तरण गर्न पाइनेछैन,

(ख) इजाजतपत्रमा उल्लेखित कार्यक्रम बाहेकका अन्य कुनै कार्यक्रम प्रसारण वा वितरण गर्न पाइनेछैन,

(ग) विपद्को समयमा मन्त्रालयबाट निर्देशन भएमा सरकारी सुचनाहरू निशुल्क प्रसारण गर्नु पर्ने,

(घ) कार्यक्रम प्रसारण वा वितरण गर्दा कसैको व्यक्तिगत घर कम्पाउण्ड वा सार्वजनिक जग्गा वा सडक बिजुलीको पोल आदि प्रयोग गर्नु पर्ने भए सम्बन्धित व्यक्ति वा निकायसंग सम्झौता गर्नुपर्ने,

(ङ) सशुल्क च्यानेलको सिग्नल माग गर्ने इजाजतपत्र प्राप्त संस्था वा व्यक्तिलाई समान रूपमा सिग्नल उपलब्ध गराउनु पर्ने,

(च) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्ति र उपभोक्ता विच कार्यक्रम वितरण तथा उपभोग गर्ने सम्बन्धमा सम्झौता गर्नुपर्ने,

(छ) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले कार्यक्रम प्रसारणको शुरू, मध्य र अन्त्यमा आफ्नो परिचय (कल साइन) दिनु पर्ने,

(ज) कार्यक्रम प्रसारण वा वितरण गर्दा सम्बन्धित संस्था, व्यक्ति वा निजका आधिकारीक वितरकको सहमति लिनुपर्नेछ । तर निशुल्क वितरण गरिने च्यानेलको हकमा सहमति लिन आवश्यक पर्ने छैन,

(झ) प्रदेश सरकारको पुर्ण स्वामित्वमा रहेका संस्थाबाट सञ्चालित च्यानेललाई अनिवार्य रूपमा र प्रदेश स्तरीय अन्य च्यानेलहरूलाई प्राथमिकता साथ प्रसारण गर्नुपर्नेछ,

(ञ) इजाजतपत्रमा उल्लिखित प्रविधिको प्रयोग गरि इजाजतपत्रमा उल्लिखित स्थानबाट कार्यक्रम प्रसारण गर्नुपर्ने,

(ट) मन्त्रालयले तोकेका अन्य शर्तहरू पालन गर्नुपर्नेछ ।

११. <u>**प्रसारण गर्न नपाउने:**</u> कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले देहायका विषयमा कुनै कार्यक्रम प्रसारण गर्न पाउने छैनः

(क) नेपालको शान्ति सुरक्षा र सुव्यवस्थामा खलल पर्न जाने,

(ख) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने,

(ग) नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच पुऱ्याउने,

(घ) विभिन्न जात, जाति, धर्म, लिङ्ग, वर्ण, क्षेत्र सम्प्रदायका मानिसहरू विच वैमनश्यता सिर्जना गर्ने वा सामाजिक दुर्भावना फैलाउने,

(ङ) अदालतको अवहेलना हुने,

(च) सामाजिक विकृति फैलाउने किसिमका अश्लिल सामग्रीहरू,

(छ) कुनै व्यक्तिको नाम किटान गरी कसैको मानमर्यादा वा प्रतिष्ठामा आघात पार्ने सामग्रीहरू,

(ज) मन्त्रालयले समय समयमा प्रसारण गर्न नहुने भनी तोकिदिएका अन्य सामग्रीहरू

१२. **कार्यक्रम प्रसारण प्रारम्भ गर्नु पर्ने** (१) इजाजतपत्र प्राप्त संस्था वा व्यक्तिले इजाजतपत्र पाएको मितिले एक वर्षभित्र आफ्नो प्रसारण प्रारम्भ गर्नु पर्नेछ ।

(२) इजाजतपत्र प्राप्त कुनै संस्था वा व्यक्तिले उपनियम (१) बमोजिमको अवधिभित्र प्रसारण प्रारम्भ गर्न नसक्ने भएमा सोको आधार र कारण समेत खुलाई अवधि थपको लागि त्यस्तो अवधि भुक्तान हुनु अगावै मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा अवधि थप गर्न मनासिब देखेमा मन्त्रालयले छ महिनासम्मको अवधि थप गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिमको अवधिभित्र पनि प्रसारण प्रारम्भ गर्न नसक्ने संस्था वा व्यक्तिको इजाजतपत्र स्वत रद्द हुनेछ ।

१३. **विवरण दर्ता गर्नु पर्ने:** (१) इजाजतपत्रको विवरण मन्त्रालयले अनुसूची-१६ बमोजिमको दर्ता किताबमा जनाई राख्नु पर्नेछ ।

(२) इजाजतपत्रमा उल्लेखित कुनै विवरण नियम १८ बमोजिम बदलिएमा वा इजाजतपत्रको नवीकरण भएमा समेत मन्त्रालयले उपनियम (१) बमोजिम दर्ता किताबमा सो व्यहोरा जनाई राख्नु पर्नेछ ।

१४. **प्रसारण तथा वितरण शुल्कः** (१) कार्यक्रम प्रसारण वा वितरण गर्ने संस्थाले आफुले गरेको वार्षिक कुल आय (बचत) को दुई प्रतिशतले हुन आउने रकम प्रसारण शुल्क वापत प्रदेश सरकारलाई बुझाउनु पर्नेछ ।

स्पष्टीकरणः यस प्रयोजनको लागि कुल बचत भन्नाले ऋण वा सापटी लिएको वा शेयर वापतको रकम बाहेक प्रसारण संस्था वा व्यक्तिलाई प्राप्त हुने जुनसुकै आयलाई जनाउँछ ।

(२) उपनियम (१) बमोजिम प्रसारण शुल्क बुझाउँदा सम्बन्धित संस्था वा व्यक्तिले लेखापरीक्षण सम्पन्न गराई चालु

आ.व.को पौष मसान्तसम्म प्रसारण शुल्क सहित प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको अवधिभित्र कुनै संस्था वा व्यक्तिले प्रसारण वा वितरण शुल्क नबुझाएमा सो अवधि पछि प्रत्येक महिनाको लागि १० प्रतिशतले थप दस्तुर लाग्नेछ ।

(४) उपनियम (१) बमोजिम प्रसारण शुल्क नबुझाउने र उपनियम (१) र (२) बमोजिम प्रसारण शुल्क र लेखापरिक्षणको प्रतिवेदन पेश नगर्ने संस्था वा व्यक्तिका सम्बन्धमा मन्त्रालयले देहाय बमोजिम गर्न सक्नेछः-

(क) प्रदेश सरकारबाट उपलब्ध गराउने अनुदान वा विज्ञापनमा रोक लगाउन वा कटौती गर्न,

(ख) सञ्चार सामग्री एवं सोसंग सम्बन्धित कच्चा पदार्थको पैठारीमा रोक लगाउन,

(ग) सरकारी भ्रमण दलमा सहभागी नगराउन,

(घ) त्यस्तो संस्था वा संचालकको प्रेस प्रतिनिधी प्रमाणपत्र नवीकरण नगर्न,

(ङ) विदेशी मुद्रा विनिमय सुविधा उपलब्ध नगराउन ।

(५) कार्यक्रम प्रसारण गर्ने सम्बन्धित संस्था वा व्यक्तिले उपभोक्तासंग लिनुपर्ने शुल्क त्यस्तो संस्था वा व्यक्तिको वास्तविक रूपमा हुन गएको खर्च समेतका आधारमा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. **प्रसारण समय उपलब्ध गराउन सकिनेः** ऐनको दफा १२ बमोजिमको कुनै कार्यक्रम प्रसारण गर्न चाहने विदेशी प्रसारण संस्था वा संचार माध्यमलाई नियम ११ को अधिनमा रहि कार्यक्रम प्रसारण गर्ने समय उपलब्ध गराउन सकिने छ ।

१६. **विज्ञापन प्रसारण गर्न समय उपलब्ध गराउन सकिनेः** प्रसारण संस्था वा व्यक्तिबाट कसैले ऐनको दफा १३ बमोजिम कुनै विज्ञापन प्रसारण गराउन चाहेमा सो विज्ञापन प्रसारण गर्न समय उपलब्ध गराउने प्रसारण संस्था वा व्यक्तिको उक्त विज्ञापन प्रसारण गर्दा खास हुन जाने खर्च र अन्य प्रदेश र संघका प्रसारण संस्थाहरूले लिने विज्ञापन दस्तुर समेतलाई आधार मानी मन्त्रालयले तोकिदिए बमोजिम हुनेछ ।

१७. **प्रसारण सम्बन्धी कार्य बन्द गर्न सक्नेः** इजाजतपत्र प्राप्त प्रसारण संस्था वा व्यक्तिले कुनै कारणवश आफुले प्रसारण गर्दै आएको प्रसारण सम्बन्धी कार्य बन्द गर्न चाहेमा सो कुराको लिखित जानकारी एक महिना अगावै मन्त्रालयलाई दिनु पर्नेछ र मन्त्रालयले पनि सो व्यहोरा दर्ता किताबमा जनाउनु पर्नेछ ।

१८. **विवरण हेरफेर गर्न सक्नेः** (१) कसैले इजाजतपत्रमा उल्लेखित कुनै विवरण हेरफेर गर्न चाहेमा पाँचसय रूपैया दस्तुर सहित अनुसूची-१७ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

स्पष्टिकरणः यस नियमको प्रयोजनको लागि विवरण भन्नाले इजाजतपत्रमा उल्लिखित नाम थर ठेगाना जस्ता सामान्य विवरण सम्झनुपर्छ ।

(२) उपनियम (१) बमोजिम विवरण हेरफेर गर्न दिएको निवेदनको व्यहोरा मनासिब देखिएमा मन्त्रालयले निवेदन बमोजिमको विवरण हेरफेर गर्न सक्नेछ ।

१९. **<u>इजाजतपत्रको अवधि र नवीकरण दस्तुरः</u>** (१) इजाजतपत्रको अवधि एक आर्थिक वर्षको हुनेछ ।

(२) इजाजतपत्र नवीकरण गराउन चाहने प्रसारण संस्था वा व्यक्तिले इजाजतपत्र बहाल रहने अवधि भुक्तान नहुंदै नियम १४ बमोजिम बुझाउनु पर्ने अघिल्लो आर्थिक वर्षको प्रसारण तथा वितरण शुल्क बुझाएको प्रमाण संलग्न गरी इजाजतपत्र नवीकरणको लागि अनुसूची-१८ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम इजाजतपत्र नवीकरणको लागि कुनै निवेदन पर्न आएमा मन्त्रालयले इजाजतपत्र दिंदा लाग्ने दस्तुरको दश प्रतिशतले हुने रकम लिई त्यस्तो इजाजतपत्र नवीकरण गरी दिन सक्नेछ ।

(४) उपनियम (२) बमोजिमको नवीकरण गर्ने म्याद भुक्तान भएपछि इजाजतपत्र नवीकरण गर्न आएमा पहिलो एक महिनासम्मको लागि पाँच प्रतिशत, दुई महिनासम्म दश प्रतिशत, तीन महिनासम्म पन्ध्र प्रतिशत, चार महिनासम्म वीस प्रतिशत, पाँच महिनासम्म पचास प्रतिशत र छ महिनासम्म सय प्रतिशत थप जरिबानासमेत लिई मन्त्रालयले त्यस्तो इजाजतपत्र नवीकरण गरिदिनुपर्नेछ । सो अवधिमा समेत नवीकरण नगराएमा त्यस्तो इजाजतपत्र स्वतः रद्द हुनेछ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि इजाजतपत्र प्राप्त कुनै प्रसारण संस्था वा व्यक्तिले बढीमा ५ वर्षको लागि एकै पटक इजाजतपत्र नवीकरण गर्न मन्त्रालय समक्ष निवेदन दिएमा मन्त्रालयले प्रत्येक वर्षको लागि उपनियम (३) बमोजिमको दस्तुर लिई त्यस्तो इजाजतपत्र नवीकरण गरिदिन सक्नेछ । यसरी एक वर्ष भन्दा बढी अवधिको लागि एकैपटक इजाजतपत्र नवीकरण गर्दा लाग्ने दस्तुरमा पच्चीस प्रतिशत छुट हुनेछ ।

(६) उप-नियम (५) बमोजिम नवीकरण गर्ने इजाजतपत्र प्राप्त संस्था वा व्यक्तिले यस नियमावलीको नियम १४ बमोजिम पेश गर्नु पर्ने विवरण चालु आर्थिक वर्षको पौष मसान्तसम्म गर्नुपर्नेछ ।

२०. **विदेशी मुद्रा विनिमयका लागि सिफारिस गर्न सक्नेः** कुनै प्रसारण संस्थालाई आवश्यक पर्ने उपकरण खरिद गर्न वा त्यस्तो संस्थासंग सिग्नल वितरण सम्बन्धमा सम्झौता गर्दा विदेशी मुद्रा आवश्यक पर्ने भएमा त्यस्तो मुद्रा प्रचलित खुल्ला विनिमय दरमा उपलब्ध गराउन मन्त्रालयले सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

२१. **इजाजतपत्रको प्रतिलिपी दिनेः** इजाजतपत्र हराएमा, मासिएमा वा पुरानो भई च्यातिएमा वा नवीकरण गर्ने ठाउँ समाप्त भएको कारण देखाइ कसैले प्रतिलिपी माग गरेमा मन्त्रालयले पाँचसय रूपैया दस्तुर लिई त्यस्तो इजाजतपत्रको प्रतिलिपी दिन सक्नेछ ।

२२. **निरीक्षण तथा अनुगमन गर्न सक्ने** (१) यस नियमावली वा इजाजतपत्रमा उल्लेखित शर्तहरू बमोजिम कार्यक्रम प्रसारण गरे वा

नगरेको सम्बन्धमा मन्त्रालयले वा मन्त्रालयले तोकिदिएको अधिकारीले प्रसारण सम्बन्धी संस्थाको निरीक्षण तथा अनुगमन गर्न गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम निरीक्षण तथा अनुगमन गर्दा शर्त बमोजिम कार्यक्रम प्रसारण गरेको नदेखिएमा मन्त्रालयले अवस्था अनुसार एकपटक शर्त बमोजिम काम गर्न मौका दिन सक्नेछ र त्यसरी मौका दिंदा पनि शर्तबमोजिम काम नगरेको भन्ने पुनः गरिएको निरिक्षण तथा अनुगमनबाट देखिएमा मन्त्रालयले त्यस्तो संस्था वा व्यक्तिले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्नेछ ।

(३) कसैले ऐन वा यस नियमावली बमोजिम इजाजतपत्र नलिई अनधिकृत रूपमा कुनै कार्यक्रम प्रसारण वा वितरण गरेको देखिएमा मन्त्रालयले त्यस्तो कार्यक्रम प्रसारण वा वितरण गर्न प्रयोग गरेको यन्त्र वा उपकरण प्रयोग गर्न नसक्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(४) यस नियम बमोजिम मन्त्रालय वा मन्त्रालयले तोकिदिएको अधिकारीबाट गरिने निरीक्षण तथा अनुगमनका क्रममा आवश्यक सहयोग पुऱ्याउनु वा प्रसारण क्षेत्रभित्र मन्त्रालयले तोकेको स्थानमा कुनै कार्यक्रम हेर्न वा सुन्न व्यवस्था गर्नु सम्बन्धित प्रसारण संस्थाको कर्तव्य हुनेछ ।

२३. **इजाजतपत्र प्राप्त संस्था वा व्यक्ति जवाफदेही हुनेः** ऐन वा यस नियमावली बमोजिम कसैले कुनै कार्यक्रम प्रसारण गरेबाट कसैको हक

हित इज्जत वा प्रतिष्ठामा असर पर्न गएमा त्यसको जवाफदेही सम्बन्धित इजाजतपत्र प्राप्त संस्था वा व्यक्ति हुनेछ ।

२४. **अनुमति लिनु पर्नेः** (१) कुनै प्रसारण संस्था वा व्यक्तिले निवेदन दिई निश्चित अवधिका लागि कुनै कार्यक्रम प्रसारण वा संचालन गर्न माग गरेमा सो को औचित्यता समेतका आधारमा आवश्यक जाँचबुझ गरी मन्त्रालयले अनुमति दिन सक्नेछ ।

(२) त्यस्तो अनुमति प्राप्त गर्ने संस्था वा व्यक्तिले नियम २३ बमोजिमको जवाफ देहिता वहन गर्नु पर्नेछ ।

२५. **सजाय गर्ने अधिकारीः** (१) ऐनको दफा १७ बमोजिम सजाय गर्ने अधिकार मन्त्रालयको सचिवलाई हुनेछ।

(२) ऐनको दफा १७ बमोजिमको सजायको आदेश गर्नु अघि सम्बन्धित पक्षलाई सफाईको लागि मनासिब मौका दिनु पर्नेछ ।

२६. **दस्तुर वा प्रसारण तथा वितरण शुल्क छुट दिन सक्नेः** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश सरकारको पुर्ण स्वामित्वमा रहेका संस्थालाई यस नियमावली बमोजिम लाग्ने इजाजतपत्र दस्तुर, प्रसारण तथा वितरण शुल्क र नवीकरण दस्तुर पुर्ण वा आंशिक रूपमा छुट दिन सक्नेछ ।

२७. **अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेः** मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची हेरफेर तथा थपघट गर्न सक्नेछ ।

२८. **प्रचालित कानून बमोजिम हुने:** यस नियमावलीमा व्यवस्था नभएका प्रसारण तथा वितरण र अन्य शुल्क दस्तुर सम्बन्धि व्यवस्था राष्ट्रिय प्रसारण नियमावली २०५२ बमोजिम हुनेछ ।

२९. **बचाउः** यस नियमावली पूर्व प्रचलित कानून बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मनिनेछ ।

अनुसूची-१

(नियम ३ को उपनियम १ खण्ड (क) संग सम्बन्धित)

**स्याटेलाइट र अन्य सञ्चार माध्यम डिजिटल प्रविधिमा आधारित केबुल प्रसारण केन्द्र स्थापना गरी केबुलको माध्यमद्धारा कार्यक्रम प्रसारण गर्ने इजाजतपत्रको लागि दिइने**

**निवेदन**

श्री......................

प्रदेश प्रसारण नियमावली २०७६ को नियम ३ बमोजिम स्याटेलाइट / अन्य सञ्चार माध्यम डिजिटल प्रविधिमा आधारित केबुलको माध्यमद्धारा कार्यक्रम प्रसारण गर्ने इजाजतपत्र पाउनको लागि देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु/छौ ।

१. निवेदकको

(क) स्थायीः
जिल्लाः
नगरपालिका/गाँउपालिका
वडा नं.
गाउँ/ टोलः-
फोन नं.
घर नं
फ्याक्स नं.
इमेलः

(ख) अस्थायीः
जिल्लाः
नगरपालिका / गाँउपालिका
वडा नं.
गाउँ/ टोलः-
फोन नं.
घर नं.
फ्याक्स नं
इमेलः-

**संस्था भए-**
संस्थाको नामः
संस्था दर्ता नं. र मितिः

**व्यक्ति भए-**

नागरिकता लिएको जिल्लाः

मिति र नागरिकता नं.

२. प्रसारण संस्था वा व्यक्तिः

(क) नामः

(ख) आर्थिक स्थिति (स्थिर तथा चालु पुँजी)

(ग) अनुभवः

(घ) प्राविधिक दक्षताः

३. प्रसारण गरिने स्थानः

४. प्रसारण हुने क्षेत्रः

५. प्रसारण शुरू हुने मितिः

६. प्रसारणको माध्यमः

(क) स्याटेलाइट

(ख) केबुल (डिजिटल)

(घ) अन्य सञ्चार माध्यम भएः

प्रसारण गर्ने तरिका

(क) डिजिटल प्रसारण केन्द्र स्थापना गरी प्रसारण गर्ने

(ख) डिजिटल प्रसारण केन्द्र स्थापना गरी अन्य केबुल प्रसारकलाई सिग्नल वितरण गर्ने

८. प्रसारणमा प्रयोग गरिने चिन्ह संकेत वा लोगो (कल साइन)

९. प्रसारणको क्षेत्रः

१०. प्रसारण हुँदा प्रयोग गरिने

(क) फ्रिक्वेन्सीः (ख) च्यानेलः

११. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरूः

१२. प्रसारण सम्बन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसंग गरिएका सम्झौताः

१३. प्रसारणमा प्रयोग हुने भाषाः

१४. प्रसारणको समयावधिः

१५. प्रसारणहुने कार्यक्रमहरूः

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

निवेदकको:

सहिः

नामः

मितिः

निवेदन साथ देहायको कागजात संलग्न गर्नु पर्नेछः

(क) सम्बन्धित विषयमा अनुभवी तथा ख्याती प्राप्त व्यक्ति वा मान्यता प्राप्त संस्थाबाट आफुले इजाजतपत्र लिन खोजेको विषयको आर्थिक प्राविधिक तथा व्यवसायिक पक्षमा विस्तृत अध्ययन गर्न लगाई तयार पारेको प्रतिवेदन ।

तर केबुलको माध्यमद्धारा कार्यक्रम प्रसारण गर्न चाहने निवेदकले मन्त्रालयले तोके बमोजिमको ढाँचाको प्रतिवेदन

(ख) प्रसारण संस्था दर्ताको प्रमाणपत्र सम्बन्धित विधान तथा सञ्चालकहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

(ग) निवेदन दस्तुर बुझाएको नगदी रसिद वा त्यस्तो दस्तुर राजश्व खातामा जम्मा गरेको दोस्रो प्रति भौचर।

(घ) प्रसारण केन्द्र रहने ठाउँको विवरण र प्रसारण संस्थाको प्रसारण पहुँच देखिने स्केच ।

(ङ) अन्य व्यक्ति वा संगठित संस्थाको प्रसारण केन्द्रबाट सिग्नल प्राप्त गरी कार्यक्रम प्रसारण गर्ने भए त्यस्तो प्रसारण केन्द्रसंग भएको सम्झौता वा सहमतिपत्र ।

(च) प्रसारणमा गरिने च्यानेलहरूको संख्या प्रत्येक च्यानेलको नाम प्रकार सशुल्क निशुल्क तथा स्याटेलाइट रिसिभरको विवरण सम्बन्धी कागजात ।

(छ) स्याटेलाइट रिसिभर मोडुलेटर र नेटवर्कको पुरा विवरण ।

(ज) मन्त्रालयले समय समयमा तोकदिएको अन्य कागजात ।

अनुसूची-२

(नियम ३ को उपनियम १ खण्ड (ख) संग सम्बन्धित)

**फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्ने इजाजतपत्रको लागि दिइने**

**निवेदन**

श्री.............

प्रदेश प्रसारण नियमावली २०७६ को नियम ३ बमोजिम फिक्वेन्सी मोडुलेशन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्ने इजाजतपत्र पाउनको लागि देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु/छौ

१. निवेदकको,

(क) स्थायी ठेगाना-
जिल्लाः-
नगरपालिका/गाँउपालिका
वडा नः-
गाउँ/ टोलः-

(ख) अस्थायी ठेगाना-
जिल्लाः-
नगरपालिका/गाँउपालिका
वडा नः-
गाउँ/टोलः-

२. निवेदकको नागरिकताः

३. प्रसारण संस्था वा व्यक्तिको
(क) नामः
(ख) आर्थिक स्थिति (स्थिर तथा चालु पुँजी)
(ग) अनुभवः-
(घ) प्राविधिक दक्षताः-

४. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्रः-

५. प्रसारण हुने क्षेत्र र जनसंख्याः-

६. प्रसारण शुरू हुने मितिः-

७. प्रसारणको माध्यमः-

८. प्रसारणको क्षमताः-

९. प्रसारण गर्दा प्रयोग गरिने

(क) फ्रिक्वेन्सी (ख) बैण्ड (ग) च्यानेल (घ) ट्रान्समिटर

(ङ) एण्टेना

१०. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरूः-

११. प्रसारण सम्बन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसंग गरिएको सम्झौताः-

१२. प्रसारणमा प्रयोग हुने भाषाः-

१३. प्रसारणको समय र समयावधिः-

१४. प्रसारण गरिने कार्यक्रमहरूः-

माथि लेखिएको व्यहोरा ठीक साँचो छ झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदककोः-

सहीः-

नामः-

मितिः-

द्रष्टव्यः- निवेदकले सम्बन्धित विषयमा अनुभवी तथा ख्यातिप्राप्त व्यक्ति वा मान्यताप्राप्त संस्थाबाट आफुले इजाजतपत्र लिन खोजको विषयको आर्थिक, प्राविधिक तथा व्यावसायिक पक्षमा विस्तृत अध्ययन गर्न लगाई सोको प्रतिवेदन निवेदनसाथ संलग्न गर्नु पर्नेछ ।

अनुसूची-३

(नियम ३ को उपनियम १ खण्ड (ग) संग सम्बन्धित)

## केबुल वा भु-उपग्रहको माध्यमबाट उपभोक्ता समक्ष सोझै कार्यक्रम वितरण गर्ने प्रणाली (डाइरेक्ट टु होम) मा आधारित भई टेलिभिजन प्रसारण गर्नको लागि दिइने निवेदन

श्री............................

प्रदेश प्रसारण नियमावली २०७६ नियम ३ बमोजिम केबुल वा भु-उपग्रहको माध्यमबाट उपभोक्ता समक्ष सोझै कार्यक्रम वितरण गर्ने प्रणाली विवरणहरू खुलाई यो निवेदन गरेको छु /छौ ।

१. निवेदकको

| (क) स्थायीः | (ख) अस्थायीः |
|---|---|
| जिल्लाः | जिल्लाः |
| नगरपालिका/गाँउपालिका | नगरपालिका/गाँउपालिका |
| वडा नं. | वडा नं. |
| गाउँ/ टोलः- | गाउँ/ टोलः- |
| फोन नं. | फोन नं. |
| घर नं. | घर नं. |
| फ्याक्स नं | फ्याक्स नं |
| इमेलः- | इमेलः- |

**संस्था भए-**

संस्थाको नामः संस्था दर्ता नं. र मितिः

**व्यक्ति भए-**

नागरिकता लिएको जिल्लाः मिति र नागरिकता नं.

२. प्रसारण संस्था वा व्यक्तिको

(क) नामः (ख) आर्थिक स्थिति (स्थिर तथा चालु पुँजी)

(ग) अनुभवः (घ) प्राविधिक दक्षताः

३. प्रसारण गरिने स्थानः

४. प्रसारण हुने क्षेत्रः

५. प्रसारण शुरू हुने मितिः

६. प्रसारणमा प्रयोग गरिने चिन्ह संकेत वा लोगो (कल साइन)

७. प्रसारणको क्षमताः

८. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरूः

९. प्रसारण सम्बन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसंग गरिएको सम्झौताः

१०. प्रसारणमा प्रयोग हुने भाषाः

११. प्रसारणको समयावधिः

१२. प्रसारण गरिने कार्यक्रमहरूः

माथि लेखिएको व्यहोरा ठीक साँचो छ झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँएला ।

निवेदकको:-
सहि:-
नाम:-
मिति:-

**निवेदन साथ निम्न कागजात संलग्न गर्नु पर्नेछः-**

(क) सम्बन्धित विषयमा अनुभवी तथा ख्याती प्राप्त व्यक्ति वा मान्यता प्राप्त संस्थाबाट आफुले इजाजतपत्र लिन खोजेको विषयको आर्थिक प्राविधिक तथा व्यवसायिक पक्षमा विस्तृत अध्ययन गर्न लगाई तयार गरेको प्रतिवेदन ।

(ख) प्रसारण संस्था दर्ताको प्रमाणपत्र, सम्बन्धित विधान तथा सञ्चालकहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

(ग) निवेदन दस्तुर बुझाएको रसिद वा त्यस्तो दस्तुर राजश्व खातामा जम्मा गरेको दोसो प्रति भौचर ।

(घ) प्रसारण केन्द्र रहने ठाउँको विवरण र प्रसारण संस्थाको प्रसारण पहुँच देखिने नक्सा ।

(ङ) मन्त्रालयले समय समयमा तोकि दिएको अन्य कागजात ।

अनुसूची-४
(नियम ३ को उपनियम ३ संग सम्बन्धित)

## सरकारी निकाय वा स्थानीय तहले कुनै खास विषयमा प्रसारण कार्यका लागि इजाजतपत्रको लागि दिने

## निवेदन

श्री............

प्रदेश प्रसारण नियमावली २०७६ को नियम ३ को उपनियम ३ बमोजिम कुनै खास विषयमा प्रसारण कार्य गर्न प्रसारण इजाजतपत्र पाउनको लागि देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु/छौ ।

१. निवेदक सरकारी निकाय वा स्थानीय तहको नामः

२. (क) स्थायी ठेगाना-

जिल्लाः-

नगरपालिका/गाँउपालिकाः-

वडा नः-

गाउँ/ टोलः-

३. प्रसारण अनुमति लिनुपर्ने सम्बन्धि खास विषयः

४. प्रसारणको उद्देश्य र सरकारी निकाय एंव स्थानीय तहलाई प्रसारणबाट प्राप्त हुने प्रतिफलः

५. प्रसारण गरिने स्थानः

६. प्रसारण हुने क्षेत्रः

७. प्रसारण शुरू हुने मितिः

८. प्रसारणमा प्रयोग गरिने चिन्ह संकेत वा लोगो (कल साइन)

९. प्रसारणको क्षमताः

१०. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरूः

११. प्रसारण सम्बन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसंग गरिएको सम्झौताः

१२. प्रसारणमा प्रयोग हुने भाषाः

१३. प्रसारणको समयावधिः

१४. प्रसारण गरिने कार्यक्रमहरूः

पादधिकारीकोः-

सहिः-

नाम-

कार्यालयको छाप मितिः-

अनुसूची-५
(नियम ४ को उपनियम १ खण्ड (क) संग सम्बन्धित)

## स्याटेलाइट, अन्य सञ्चार माध्यम डिजिटल प्रविधिमा आधारित केबुल प्रसारण केन्द्र स्थापना गरी केबुलको माध्यमद्धारा कार्यक्रम प्रसारण गर्ने इजाजतको लागि दिइने

**इजाजत-पत्र**

१. इजाजत-पत्र नः-
इजाजत-पत्र पाउने व्यक्ति वा संगठित संस्थाको नामः-

२. ठेगानाः-

(क) स्थायीः
जिल्लाः
नगरपालिका/गाँउपालिका
वडा नं.
गाउँ/ टोलः-
फोन नं.
घर नं.
फ्याक्स नं
इमेलः-

(ख) अस्थायीः
जिल्लाः
नगरपालिका/गाँउपालिका
वडा नं.
गाउँ/ टोलः-
फोन नं.
घर नं.
फ्याक्स नं
इमेलः-

संस्था भए
संस्थाको नामः-
संस्था दर्ता नं. र मितिः
व्यक्ति भएः-
नागरिकता लिएको जिल्लाः
मिति र नागरिकता नं.

३. प्रसारणमा प्रयोग गरिने चिन्ह संकेत वा लोगो (कल साइन)

४. प्रसारणको क्षमताः-

५. प्रसारण गरिने स्थानः-

६. प्रसारण हुने क्षेत्रः-

७. प्रसारण शुरू हुने मितिः-

८. प्रसारणको माध्यमः-

(क) स्याटेलाइट

(ख) केबुल (डिजिटल)

(ग) अन्य सञ्चार

९. प्रसारण गरिने तरिकाः-

(क) डिजिटल प्रसारण केन्द्र स्थापना गरी प्रसारण गर्ने

(ख) डिजिटल प्रसारण केन्द्र स्थापना गरी अन्य केबुल प्रसारकलाई सिग्नल वितरण गर्ने

१०. प्रसारणको भाषाः-

११. प्रसारणको समयावधिः-

१२. प्रसारण हुने प्रमुख कार्यक्रमहरूः-

१३. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरूः-

१४. प्रसारण गर्दा पालन गर्नुपर्ने शर्तहरूः-

(क) कार्यक्रम प्रसारण गर्दा प्रचलित कानुनको पालना गर्नु पर्ने

(ख) प्रदेश नं. ५ प्रसारण ऐन २०७५ प्रदेश न. ५ प्रसारण नियमावली २०७६ ले तोकिएका कुराहरूका अतिरिक्त मन्त्रालयले समय समयमा दिएका निर्देशन तथा तोकेको शर्तहरूको समेत पालना गर्नु पर्ने

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीकोः-

सहिः-

नामः-

दर्जाः-

कार्यालयः-

मितिः-

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |

अनुसूची-६

(नियम ४ को उपनियम १ खण्ड (ख) संग सम्बन्धित)

**फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्ने इजाजत-पत्र**

१. इजाजत-पत्र नः-
इजाजत-पत्र पाउने संस्था वा व्यक्तिको नामः-

२. ठेगानाः-

| (क) स्थायी ठेगानाः- | (ख) अस्थायी ठेगानाः- |
|---|---|
| जिल्लाः- | जिल्ला |
| नगरपालिका/गाँउपालिका | नगरपालिका/गाँउपालिका |
| वडा नः- | वडा नः- |
| गाउँ / टोलः- | गाउँ/ टोल |
| फोन नः- | फोन नः- |

३. प्रसारण संस्था वा व्यक्तिको नामः-

४. प्रसारणको माध्यमः-

५. प्रसारणको क्षमताः-

६. प्रसारण गर्दा प्रयोग गरिनेः-
(क) फ्रिक्वेन्सीः- (ख) बैण्डः-
(ग) च्यानेलः- (घ) ट्रान्समिटरः-
(ङ) एण्टेनाः-

७. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्रः-

८. प्रसारण हुने क्षेत्र र जनसंख्याः-

९. प्रसारण शुरू हुने मितिः-

१०. प्रसारण प्रयोग हुने भाषाः-

११. प्रसारणको समय र समयावधिः-

१२. प्रसारण गरिने कार्यक्रमहरूः-

१३. इजाजतपत्र बहाल रहने मितिः-

१४. अन्य शर्तहरूः-

(क)　　　　(ख)

(ग)

कार्यालयको छाप

इजाजत-पत्र दिने अधिकारीः-

सहिः-

नामः-

दर्जाः-

कार्यालयः-

मितिः-

नवीकरण विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

अनुसूची-७

(नियम ४ को उपनियम १ खण्ड (ग) संग सम्बन्धित)

## केबुल वा भु-उपग्रहको माध्यमबाट उपभोक्ता समक्ष सोझै कार्यक्रम वितरण गर्ने प्रणाली (डाइरेक्ट टु होम) मा आधारित भई टेलिभिजन वा रेडियो प्रसारण गर्ने

**इजाजत-पत्र**

१. इजाजत-पत्र नं.:-

इजाजतपत्र पाउने व्यक्ति वा संगठित संस्थाको नामः-

२. ठेगानाः-

| (क) स्थायीः | (ख) अस्थायीः |
|---|---|
| जिल्लाः | जिल्लाः |
| नगरपालिका/गाँउपालिका | नगरपालिका/गाँउपालिका |
| वडा नं. | वडा नं. |
| गाउँ/ टोलः- | गाउँ/ टोलः- |
| फोन नं. | फोन नं. |
| घर नं. | घर नं. |
| फ्याक्स नं | फ्याक्स नं |
| इमेलः- | इमेलः- |

**संस्था भए-**

संस्थाको नामः संस्था दर्ता नं. र मितिः

**व्यक्ति भए-**

नागरिकता लिएको जिल्लाः मिति र नागरिकता नं.

३. प्रसारणमा प्रयोग गरिने चिन्ह संकेत वा लोगो (कल साइन)

४. प्रसारणको क्षमताः-

५. प्रसारण गरिने स्थानः-

६. प्रसारण हुने क्षेत्रः-

७. प्रसारण शुरू हुने मितिः-

८. प्रसारणको भाषाः-

९. प्रसारणको समयावधिः-

१०. प्रसारणहुने प्रमुख कार्यक्रमहरूः-

११. प्रसारण गर्दा पालन गर्नुपर्ने शर्तहरूः-

(क) कार्यक्रम प्रसारण गर्दा प्रचलित कानुनको पालना गर्नु पर्ने

(ख) प्रदेश नं. ५ प्रसारण ऐन २०७५ तथा प्रदेश प्रसारण नियमावली २०७६ मा तोकिएका कुराहरूका अतिरिक्त मन्त्रालयले समय समयमा दिएका निर्देशन तथा तोकेका शर्तहरूको समेत पालना गर्नु पर्ने ।

कार्यालयको छाप

इजाजत-पत्र दिने अधिकारीकोः-

सहिः-

नामः-

दर्जाः-

कार्यालयः-

मितिः-

**नवीकरणको विवरण**

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |

अनुसूची-८

(नियम ५ को उपनियम १ संग सम्बन्धित)

**स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भु-उपग्रह प्रसारण केन्द्रको स्थापना गरी वा स्याटेलाइट वितरण प्रणालीको माध्यमबाट कार्यक्रम प्रसारण गर्ने इजाजतपत्रको लागि दिइने**

**निवेदन**

श्री.............

प्रदेश प्रसारण नियमावली २०७६ को नियम ५ बमोजिम स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भु - उपग्रह प्रसार केन्द्रको स्थापना गरी वा स्याटेलाइट वितरण प्रणालीको माध्यमबाट कार्यक्रम प्रसारण गर्ने इजाजतपत्र पाउनको लागि देहायका विवरण खुलाई यो निवेदन गरेको छु/छौं ।

१. निवेदकको:-

(क) नामः-

| (ख) स्थायी ठेगानाः- | (ग) अस्थायी ठेगानाः- |
|---|---|
| जिल्लाः- | जिल्लाः- |
| नगरपालिका/गाँउपालिका | नगरपालिका/गाँउपालिका |
| वडा नः- | वडा नः- |
| गाउँ/ टोलः- | गाउँ/ टोलः- |
| घर नं. | घर नः- |
| फोन नः- | फोन नं. |
| फ्याक्स नं | फ्याक्स नं |
| इमेलः- | इमेलः- |

(घ) निवेदक व्यक्ति भए नागरिकता नम्बर र संस्था भए संस्था दर्ता नम्बरः-

(ङ) आर्थिक स्थिति (स्थिर तथा चालु पुँजी)

(च) अनुभवः-

(छ) प्राविधिक दक्षताः-

२. प्रसारणको लागि गरिने लगानीः-

(क) प्रस्तावित लगानीः-

(ख) लगानीको स्रोतः-

३. प्रसारणबाट हुने आय र आयको स्रोतः-

४. कार्यक्रम प्रसारण तथा वितरणको माध्यम

(क) स्याटेलाइटसंग अपलिङ्क गर्नेः-

(ख) वितरण गर्ने प्रणालीः- (ग) अन्य तरिकाबाटः-

५. भु-उपग्रह प्रसार केन्द्रको विवरणः-

(क) लिङ्क गरिने स्याटेलाइट फुटप्रिन्टः-

(ख) प्रयोग गरिने फ्रिक्वेन्सी ब्याण्ड/फ्रिक्वेन्सी/ एन्टेना सम्बन्धी विवरणः-

(ग) प्रसारण वितरण गर्ने सतह माध्यमः-

(घ) प्रसारण वितरण गर्ने च्यानेल सङ्ख्या/ विवरणः-

६. प्रसारण केन्द्र स्थापना गरिने ठाउँः-

७. प्रसारण हुने क्षेत्रः-

८. प्रसारण प्रारम्भ हुने मितिः-

९. प्रसारण प्रारम्भ हुने च्यानेल र भाषाः-

१०. प्रसारणको समय र समयावधिः-

११. प्रसारण गरिने कार्यक्रमहरूः-

१२. उपकरण आयात गरिने मुलुकको नामः-

१३. अन्य विवरणः-

(क)

(ख)

(ग)

निवेदक संस्था भए संस्थाको छाप

निवेदककोः-

नामः-

सहिः-

मितिः-

द्रष्टव्यः निवेदकले आफुले इजाजतपत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा व्यासायिक पक्षमा विस्तृत अध्ययन गर्न लगाई सोको प्रतिवेदन निवेदन साथ संलग्न गर्नु पर्नेछ ।

अनुसूची-९
(नियम ६ को उपनियम १ संग सम्बन्धित)

**डाउनलिङ्क गर्ने इजाजतपत्रको लागि दिइने**

**निवेदन**

श्री......................

प्रदेश प्रसारण नियमावली २०७६ को नियम ६ बमोजिम डाउनलिङ्क गरी प्रदेशभित्र कार्यक्रम प्रसारण गर्ने इजाजतपत्र पाउनको लागि देहायका विवरण खुलाई यो निवेदन गरेको छु/छौं ।

१. निवेदनको:

(क) नामः-

(ख) स्थायी ठेगानाः-
जिल्लाः-
नगरपालिका/गाउँपालिका
वडा नः-
गाउँ/ टोलः
घर नं.
फोन नं.
फ्याक्स नं.
इमेलः-

(ग) अस्थायी ठेगानाः-
जिल्लाः
नगरपालिका/गाउँपालिका
वडा नं.
गाउँ टोलः-
घर नं.
फोन नं.
फ्याक्स नं.
इमेलः-

(घ) निवेदक व्यक्ति भए नागरिकता नम्बर र संस्था भए संस्था दर्ता नम्बरः-

२. कार्यक्रम प्रसारण तथा वितरणको माध्यमः-

(क) स्याटेलाइटसंग अपलिङ्क गर्ने (डाईरेक्ट टु होम) (ख) केबुलः-

(ग) अन्य तरिकाबाटः-

३. डाउनलिङ्क गर्ने च्यानेलको विवरणः-

(क) लिङ्क गरिने स्याटेलाइट / फुटप्रिन्ट र च्यानेलको विवरणः-

(ख) डाउनलिङ्क गरी प्रसारण वितरण गर्ने सतह माध्यमः-

(ग) प्रसारण वितरण गर्ने च्यानेल सङख्या/ विवरणः-

४. प्रयोग गरिने डाउनलिङ्क फ्रिक्वेन्सी र एन्टेना सम्बन्धी विवरणः-

५. डाउनलिङ्क गरिने क्षेत्रः-

६. प्रसारण हुने क्षेत्रः-

७. डाउनलिङ्क गरिने मितिः-

८. च्यानेलमा प्रयोग हुने भाषाः-

९. प्रसारण गरिने कार्यक्रमहरूः-

१०. अन्य विवरणः

(क) (ख) (ग)

निवेदक संस्था भए संस्थाको छाप

निवेदकको

सहिः-

नामः-

मितिः-

## Application for Down-link License

To,
The Ministry of Internal Affairs and Law
Province No. 5, Butwal,
Nepal

We hereby apply under the provision of Rule 5A of Province no.5, Broadcasting Regulation, 2076 (2019) with the following details, for the Down-Link License to broadcast programs within the territory of Nepal

1. Applicants
   (a) Name:
   (b) Permanent Address:
      District:
      City / Rural Municipality:
      Ward No:
      Area/ Location:
      House No:
      Phone No:
      Fax No:
      E-mail:
   (c) Temporary Address:
      District:
      City / Rural Municipality:
      Ward No:
      Area/ Location:
      House No:
      Phone No:
      Fax No:
      E-mail:
   (d) Citizenship Number (In case of Person):
   (e) Company Registration Number (In case of Company):
2. Program Transmission and Distribution Medium:
   (a) Direct-to Home with Satellite Up- Linking:
   (b) Ground Cable:
   (c) Other Modes:
3. Description of Down- Linking Channel:
   (a) Up- Linked Satellite/ Footprint and Country Transmitting Channel:
   (b) Medium of Ground Distribution for Down- Linking Channel:
   (c) Number of Channels to be Distributed:
4. Description of Down- Linked Frequency and Antenna:
5. Down- Linking System Place:

6. Down- Linked Channel Distribution Area:
7. Down- Linking Date:
8. Language used in Channel:
9. Broadcasting Time and Duration:
10. Program to be transmitted:
11. Other Details:
    (a)
    (b)
    (c)

Applicants:

Signature:

Seal — Name:

(If the applicant is a company) — Date:

अनुसूची-१०

(नियम ७ को उपनियम (१) संग सम्बन्धित)

**सिग्नल वितरण गर्ने इजाजतपत्रको लागि दिइने**

**निवेदन**

श्री..................

प्रदेश प्रसारण नियमावली २०७६ को नियम ७ बमोजिम सिग्नल वितरण गर्ने इजाजतपत्र पाउनको लागि देहायका विवरण खुलाई यो निवेदन गरेको छु/ छौं ।

१. निवेदकको:-

(क) नामः-

| (ख) स्थायी ठेगानाः- | (ग) अस्थायी ठेगानाः- |
|---|---|
| जिल्लाः- | जिल्लाः- |
| नगरपालिका/गाउँपालिका- | नगरपालिका/गाउँपालिका |
| वडा नः- | वडा नं. |
| गाउँ/ टोलः | गाउँ टोलः- |
| घर नं. | घर नं. |
| फोन नं. | फोन नं. |
| फ्याक्स नं. | फ्याक्स नं. |
| इमेलः- | इमेलः- |

(घ) निवेदक व्यक्ति भए नागरिकता नम्बर र संस्था भए संस्था दर्ता नम्बरः

(ङ) आर्थिक स्थिति (स्थिर तथा चालु पुँजी)

(च) अनुभवः-

२. कार्यालयकोः-

ठेगानाः

टेलिफोन

फ्याक्स नं.

इमेलः

३. प्रसारणबाट हुने आय र आयको स्रोतः-

४. कार्यक्रम प्रसारण तथा वितरणको माध्यम

(क) स्याटेलाइटसंग अपलिङ्क गर्ने (डाइरेक्ट टु होम)

(ख) केबुलः

(ग) अन्य तरिकाबाट

५. सिग्नल वितरण गरिने च्यानेलको विवरणः

(क) लिङ्क गरिने स्याटेलाइट /फुटप्रिन्ट र च्यानेल प्रसारण गर्ने देशः

(ख) प्रयोग गरिने फ्रिक्वेन्सी व्याण्ड /डाउनलिङ्क फ्रिक्वेन्सी सम्बन्धी विवरणः

(ग) डाउनलिङ्क गरी प्रसारण वितरण गर्ने सतह माध्यमः

(घ) डाउनलिङ्क गर्ने च्यानेलहरूको सङ्ख्या र नामः

६. प्रसारण हुने क्षेत्रः

७. सिग्लन वितरण शुरू हुने मितिः

८. च्यानेलमा प्रयोग हुने भाषाः

९. प्रसारणको समय र समयावधिः

१०. प्रसारण गरिने कार्यक्रमहरूः

११. अन्य विवरण

(क)

(ख)

(ग)

१२. संलग्न गर्नु पर्ने कागजातः

सिग्नल वितरण सम्बन्धमा विदेशी प्रसारण संस्थासंग भएको सम्झौताको प्रतिलिपि।

निवेदक संस्था भए संस्थाको छाप

<u>निवेदकको:</u>

सहिः

नामः

मितिः

अनुसूची-११

(नियम ८ को उपनियम (१) को खण्ड (क) संग सम्बन्धित)

**स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भु-उपग्रह प्रसार केन्द्रको स्थापना गरी वा स्याटेलाइट वितरण प्रणालीको माध्यमबाट कार्यक्रम प्रसारण गर्ने**

**इजाजतपत्र**

१. इजाजतपत्र नं.

अनुमति पाउने संस्थाको नामः-

२. ठेगानाः-

(क) स्थायीः

जिल्लाः

नगरपालिका/गाउँपालिका

वडा नं.

गाउँ/ टोलः-

फोन नं.

(ख) अस्थायीः

जिल्लाः

नगरपालिका/गाउँपालिका

वडा नं.

गाउँ/ टोलः-

फोन नं.

३. इजाजतपत्र पाउने व्यक्ति भए नागरिकता नम्बर र संस्था भए संस्था दर्ता नम्बरः

४. भु- उपग्रह प्रसार केन्द्रकोः-

(क) लिङ्क गरिने स्याटेलाइट/ फुट प्रिन्टः-

(ख) प्रयोग गरिने फ्रिक्वेन्सी बैण्ड / फ्रिक्वेन्सी-

(ग) प्रसारण वितरण गर्ने सतह माध्यमः-

(घ) एण्टेनाः-

(ङ) प्रसारण गर्ने च्यानेल सङ्ख्या/ विवरणः-

५. प्रसारण माध्यमः-

६. प्रसारण केन्द्र स्थापना गर्ने ठाउँः-

७. प्रसारण हुने क्षेत्रः-

८. प्रसारण प्रारम्भ हुने मितिः-

९. प्रसारणमा प्रयोग हुने च्यानेल र भाषाः-

१०. प्रसारणको समय र समयावधिः-

११. प्रसारण गरिने कार्यक्रमः-

१२. इजाजतपत्र बहाल रहने अवधिः-

१३. अन्य शर्तहरूः-

(क) (ख) (ग)

कार्यालयको छापः

इजाजतपत्र दिने अधिकारीकोः-

सहीः

नामः

दर्जाः

मितिः-

कार्यालयः

अनुसूची-१२

(नियम ८ को उपनियम (१) को खण्ड (ख) संग सम्बन्धित)

**डाउनलिङ्क गर्ने**

**इजाजतपत्र**

१. इजाजतपत्र नं.:-

इजाजतपत्र पाउने संस्था वा व्यक्तिको नामः-

२. ठेगानाः-

(क) स्थायीः

जिल्लाः

नगरपालिका/गाउँपालिका

वडा नं.

गाउँ/ टोलः-

फोन नं.

फ्याक्स नं

इमेलः-

(ख) अस्थायीः

जिल्लाः

नगरपालिका/गाउँपालिका

वडा नं.

गाउँ/ टोलः-

फोन नं.

फ्याक्स नं

इमेलः-

३. इजाजतपत्र पाउने व्यक्ति भए नागरिकता नम्बर र संस्था भए संस्था दर्ता नम्बरः

४. कार्यक्रम प्रसारण तथा वितरणको माध्यमः-

(क) स्याटेलाइटसंग अपलिङ्क गर्ने (डाईरेक्ट टु होम)

(ख) केबुलः

(ग) अन्य तरिकाबाटः-

५. डाउनलिङ्क गर्ने च्यानेलको विवरणः

(क) लिङ्क गरिने स्याटेलाइट/ फ्रुटप्रिन्ट र च्यानेल प्रसारण गर्ने देशः-

(ख) डाउनलिङ्क गरी प्रसारण वितरण गर्ने सतह माध्यमः

(ग) प्रसारण वितरण गर्ने च्यानेल संख्या/विवरणः

६. प्रयोग गरिने डाउनलिङ्क फ्रिक्वेन्सी र एन्टेना सम्बन्धी विवरणः

७. डाउनलिङ्क गर्ने प्रणालीः

८. डाउनलिङ्क गरिने ठाउँ:-

९. डाउनलिङ्क च्यानेल वितरण गर्ने क्षेत्रः

१०. डाउनलिङ्क गरिने मितिः

११. च्यानेलमा प्रयोग हुने भाषाः

१२. प्रसारणको समय र समयावधिः

१३. प्रसारण गरिने कार्यक्रमः

१४. इजाजतपत्र बहाल रहने अवधिः

१५. अन्य शर्तहरूः

(क) (ख) (ग)

कार्यालयको छाप

<u>इजाजतपत्र दिने अधिकारीको</u>

सहिः

नामः

दर्जाः

मितिः

कार्यालयः

## Down-linking License

License No.

1. Licensee Person or company's name:
2. Address:

(a) Permanent Address:
District:
City / Rural Municipality:
Ward No:
Area/ location:
House No:
Phone NO:
Fax No:
E-mail:

(b) Temporary Address:
District:
City / Rural Municipality:
Ward No:
Area/ location:
House No:
Phone No:
Fax NO:
E-mail:

3. (a) Citizenship Number (In case of Person):
   (b) Company Registration Number (In case of Company):
4. Medium of broadcast and distribution of program:
   (a) Direct-to home with satellite up -linking:
   (b) Ground cable:
   (c) Other modes:
5. Description of down-linking channels:
   (a) Up linking Satellite/ Footprint and country transmitting the channel:
   (b) Medium of ground distribution or down-linking the channel:
   (c) Number/description of channels to be distributed:
6. Description of down-linking frequency and antenna:
7. Down- linking System
8. Down- linking Place:
9. Down-linked channel distribution area:
10. Down- linking date:
11. Language used in channel:

12. Broadcasting Time and duration:
13. Program to be transmitted:
14. Period of up linking;
15. Other terms and conditions:

Seal License Issuing Authority:

Signature:

Name:

Designation:

Office:

Date:

अनुसूची-१३

(नियम ८ को उपनियम (१) को खण्ड (ग) संग सम्बन्धित)

**सिग्नल वितरणको**

**<u>इजाजतपत्र</u>**

१. इजाजतपत्र नं.:-

इजाजतपत्र पाउने संस्था वा व्यक्तिको नामः

२. ठेगानाः-

| (क) स्थायीः | (ख) अस्थायीः |
| --- | --- |
| जिल्लाः | जिल्लाः |
| नगरपालिका/गाउँपालिका | नगरपालिका/गाउँपालिका |
| वडा नं. | वडा नं. |
| गाउँ/ टोलः- | गाउँ/ टोलः- |
| फोन नं. | फोन नं. |
| फ्याक्स नं | फ्याक्स नं |
| इमेलः- | इमेलः- |

३. इजाजतपत्र पाउने व्यक्ति भए नागरिकता नम्बर र संस्था भए संस्था दर्ता नम्बरः

४. सिग्नल वितरण गरिने भु-उपग्रह प्रसारण केन्द्रकोः

(क) लिङ्क गरिने स्याटेलाईट/ प्रसारण केन्द्र रहने देशः

(ख) प्रयोग गरिने फ्रिक्वेन्सी बैण्ड/ डाउनलिङ्क फ्रिक्वेन्सीः

(ग) प्रसारण वितरण गर्ने सतह माध्यमः

(घ) डाउनलिङ्क गर्ने च्यानेलको संख्या र नामः

५. च्यानेल वितरण हुने क्षेत्रः

६. च्यानेल प्रसारण शुरू हुने मितिः

७. च्यानेलमा प्रयोग हुने भाषाः

८. प्रसारणको समय र समयावधिः

९. प्रसारण गरिने कार्यक्रमहरूः

१०. इजाजतपत्र बहाल रहने अवधिः

११. अन्य शर्तहरूः

(क)

(ख)

(ग)

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीको

सहिः

नामः

दर्जाः

कार्यालयः

मितिः

अनुसूची-१४

(नियम ९ को उपनियम (१) संग सम्बन्धित)

**इजाजतपत्र लिनको लागि निवेदन दिंदा लाग्ने निवेदन दस्तुर**

१. फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणाली स्थापना गरी वा केबुलको माध्यमद्धारा कार्यक्रम प्रसारण गर्नको लागि रू १,०००।-

२. स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भु-उपग्रह प्रसारण केन्द्र स्थापना गरी वा स्याटेलाइट वितरण वा अन्य संचार माध्यमद्धारा कार्यक्रम प्रसारण गर्नको लागि रू २,०००।-

३. डाउनलिङ्क गर्न वा सिग्नल वितरण गर्नको लागि रू ३,०००।-

अनुसूची-१५
(नियम ९ को उपनियम (२) संग सम्बन्धित)

**इजाजतपत्र दस्तुर**

१. स्याटेलाइट वा केबुल सम्बन्धी संचार माध्यमद्वारा कार्यक्रम प्रसारण गर्नको लागिः-

(क) उप-महानगरपालिका क्षेत्रभर कार्यक्रम प्रसारण गर्नको लागि - रू २५,०००।-

(ख) नगरपालिकाभर कार्यक्रम प्रसारण गर्नका लागि - रू १५,०००।-

(ग) गाउँपालिकाभर कार्यक्रम प्रसारण गर्नको लागि - रू ७,०००।-

(घ) दुर्गम र अति विकट गाउँपालिकाको लागि - रू १,०००।-

द्रष्टव्यः-

दुर्गम र अति विकट गाउँपालिका भन्नाले रूकुम पूर्व जिल्ला पुरै र रोल्पा जिल्लाको सदरमुकाममा पर्ने गाउँपालिकामा बाहेक सो जिल्लाका अन्य गाउँपालिका सम्झनु पर्दछ ।

२. Satellite Audio Broadcasting Earth Station (VSAT) उपकरण (Audio mono वा Stereo) द्धारा प्रसारण गर्नको लागि प्रति च्यानेल रू ७५,०००।-

३. फ्रिक्वेन्सी मोडुलेसन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्नको लागिः-

(क) १०० वाटभन्दा माथि २५० वाटसम्मको लागि - रू १००,०००।-

(ख) २५० वाटभन्दा माथि ५०० वाटसम्मको लागि - रू २,००,०००।-

(ग) ५०० वाटभन्दा माथि १००० वाटसम्मको लागि- रू ४,००,०००।-

४. स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भु-उपग्रह प्रसारण केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्नको लागि - रू ८,००,०००।-

५. स्याटेलाइट वितरण प्रणालीको माध्यमबाट कार्यक्रम प्रसारण गर्नको लागि प्रति च्यानेल रू १५,०००।-

(क) निशुल्क वा विज्ञापन समावेश नभएको सशुल्क च्यानेलको डाउनलिङ्क गरी कार्यक्रम प्रसारण गर्नको लागि प्रति च्यानेल रू १५,०००।-

(ख) विज्ञापन समावेश भएको सशुल्क च्यानेलको डउनलिङ्क गरी कार्यक्रम प्रसारण गर्नको लागि प्रति च्यानेल रू ३०,०००।-

(ग) सिग्नल वितरणको लागि रू १५,०००।-

६. अन्य संचार माध्यम अन्तर्गत निम्न प्रणालीद्धारा कार्यक्रम प्रसारण गर्नको लागिः-

(क) मल्टिच्यानेल मल्टिप्वाइन्ट डिष्ट्रिब्युशन सिष्टम (एम.एम.डि.एस) बाट हुने प्रसारणको लागि प्रति च्यानेल रू १५,०००।-

(ख) भेरी हाई फ्रिक्वेन्सी (भि.एच.एफ) र अल्ट्रा हाई फ्रिक्वेन्सी (यू.एच.एफ) प्रयोग गर्ने ट्रान्समिटर प्रणालीबाट गरिने सतहगत टेलिभिजन प्रसारण केन्द्र वा प्रत्येक रिले स्टेसनको लागि -

(अ) १०० वाटभन्दा माथि २५० वाटसम्मको लागि - रू २,५०,०००।-

(आ) २५० वाटभन्दा माथि १००० वाटसम्मको लागि - रू ५,००,०००।-

(ग) उपखण्ड (१) र (२) मा उल्लेख बाहेक अन्य प्रणालीको हकमा रू १,००,०००।-

(घ) इन्टरनेट प्रोटोकलमा अधारित टेलिभिजन (आइ.पि.टि.भि) प्रणालीबाट कार्यक्रम प्रसारण गर्नको लागि प्रति च्यानेल रू २५,०००।-

द्रष्टव्यः- प्रसारण केन्द्रमा रहने स्टयाण्ड वाई ट्रान्समिटरको दस्तुर लाग्ने छैन ।

अनुसूची-१६

(नियम १३ को उपनियम (१) संग सम्बन्धित)

**इजाजतपत्र सम्बन्धी**

**दर्ता किताब**

| सि.नं | इजाजतपत्र पाउनेको नाम र ठेगाना | इजाजतपत्र दिइएको मिति र किसिम | इजाजतपत्र बहाल रहने अवधि | इजाजतपत्र नवीकरण गर्दा लाग्ने दस्तुर र नवीकरण भएको मिति | इजाजतपत्रमा कुनै विवरण बदलिएको भए त्यसको व्यहोरा | प्रसारण सम्बन्धी कार्य बन्द गरेको भए त्यसको विवरण र मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

अनुसूची-१७

(नियम १८ को उपनियम (१) संग सम्बन्धित)

**इजाजतपत्रमा उल्लेखित विवरण हेरफेर गर्नको लागि दिइने**

**निवेदन**

श्री.....................

मैले / हामीले मिति.........................मा प्राप्त गरेको इजाजतपत्रमा उल्लेखित विवरणहरूमध्ये देहायका विवरणहरू बदल्नु परेको हुँदा प्रदेश नं. ५ नियमावली २०७६ नियम १४ बमोजिम लाग्ने दस्तुर सहित इजाजतपत्रको सक्कल प्रति संलग्न गरी यो निवेदन गरेको छु/छौं।

विवरण हेरफेर पर्ने कुराहरूः-

(क)

(ख)

(ग)

(घ)

निवेदकको

सहीः-

नामः-

ठेगानाः-

मितिः-

अनुसूची-१८

(नियम १९ को उपनियम (२) संग सम्बन्धित)

**<u>इजाजतपत्रमा नवीकरणको लागि दिइने निवेदन</u>**

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदेश नं. ५

श्रव्यदृश्य तथा प्रसारण शाखा

बुटवल

मैले / हामीले मिति.......................... मा प्राप्त गरेको इजाजतपत्रको अवधि मिति....................मा समाप्त हुने भएकोले सो इजाजतपत्र नवीकरण गर्नको लागि नियमानुसार लाग्ने दस्तुर र इजाजतपत्रको प्रतिलिपी समेत संलग्न गरी यो निवेदन गरेको छु/छौं ।

<u>निवेदकको</u>

सहिः-

नामः-

ठेगानाः-

मितिः-

<u>संलग्न कागजात</u>

१. ................आ.व को प्रसारण तथा वितरण शुल्क रू ............रसिद नं............ बाट मिति ................आ.प्र शाखामा बुझाएको सक्कल रसिद ।

२. ................आ.व को नवीकरण दस्तुर रू ............. रसिद नं ............बाट मिति ....................... मा आ.व शाखामा बुझाएको सक्कल रसिद ।

३. इजाजतपत्रको प्रतिलिपि प्रसारण संस्थाको नामः

इजाजतपत्र नं. सम्पर्क टेलिफोन नं.

इमेलः

नोटः नवीकरणको निर्णय भएपछि सक्कल प्रति पेश गर्नु पर्नेछ ।

**आज्ञाले,**
**शंकरप्रसाद खरेल**
**प्रदेश सचिव**